मिति २०८३/०५/१८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

प्रस्तावहरू

| प्रस्ताव नं. | प्रस्तावको संक्षिप्त विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा। | प्रशासन |
| २. | प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग गर्ने सम्बन्धमा। | प्रशासन |
| ३. | मूल सडक मर्मतका लागि आकस्मिक कोषबाट खर्च गर्ने सम्बन्धमा। | पूर्वाधार |
| ४. | ११ वटै वडाको सडक सरसफाइ सम्बन्धमा | पूर्वाधार |
| ५. | स्थायी लेखा नं. (PAN) दर्ता सेवा सुचारु गर्ने सम्बन्धमा। | पञ्जीकरण |
| ६. | रिलिफ नेपालसँगको साझेदारी अनुमोदन सम्बन्धमा। | महिला, वालवालिका |
| ७. | कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा। | पोषण |
| ८. | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको अनुमोदन गर्ने सम्बन्धमा। | पोषण |
| ९. | प्रारम्भिक वातावरणीय अध्ययन (IEE) ,२०८२ अद्यावधिक गर्ने सम्बन्धमा। | राजश्व |
| १०. | खोप कार्यक्रम सञ्चालन सम्बन्धमा। | जनस्वास्थ्य |
| ११. | विद्युत् प्राधिकरणसँग समन्वय गरी सडक बत्ती जडान गर्ने सम्बन्धमा। | |
| १२. | विविध। | |

निर्णयहरू

निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्ला बैठंकका निर्णयहरू समीक्षा गरियो।

निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाका जनप्रतिनिधिहरूको देहाय बमोजिम एवम् कार्यरत कर्मचारीहरूको मिति २०८३ भदौ ११ गतेको नेपाल सरकार सचिव स्तरीय बैठकको निर्णय बमोजिम निजको पारिश्रमिकबाट मासिक सुरु तलव स्केलको देहाय बमोजिमको रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसहमतबाट गरियो।

देहाय

गाउँपालिकाका जनप्रतिनिधिको हकमा देहाय बमोजिम रकम उपलब्ध गराइनेछः

| क्र.सं. | जनप्रतिनिधि दर्जा | जम्मा हुने रकम |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | ७ दिन बराबर |
| २. | गाउँपालिका उपाध्यक्ष | ७ दिन बराबर |
| ३. | कार्यपालिका सदस्य | ५ दिन बराबर |
| ४. | गाउँसभा सदस्य | २ दिन बराबर |

साथै, गाउँपालिकाका कर्मचारीहरूको हकमा देहाय बमोजिम रकम उपलब्ध गराइनेछ:

| क्र.सं. | कर्मचारीको तह | जम्मा हुने रकम |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | ७ दिन बराबर |
| २. | अधिकृत आठौं, सातौं र छैठौं | ७ दिन बराबर |
| ३. | सहायक पाँचौं र चौथो | ५ दिन बराबर |
| ४. | श्रेणीविहीन | २ दिन बराबर |

साथै, विद्यालयतर्फका शिक्षक तथा कर्मचारीको हकमा देहाय बमोजिम रकम जम्मा गराइनेछ:

| क्र.सं. | शिक्षक तथा कर्मचारीको तह | जम्मा हुने रकम |
|---|---|---|
| १. | मा.वि. द्वितीय/तृतीय, नि.मा.वि. द्वितीय, प्रा.वि. प्रथम (समान तहको सङ्घीय अनुदान प्रदेश र गा.पा. अनुदान समेत) | ७ दिन बराबर |
| २. | नि.मा.वि. तृतीय, प्रा.वि. द्वितीय र प्रा.वि. तृतीय (समान तहको सङ्घीय अनुदान प्रदेश र गा.पा. अनुदान समेत) | ५ दिन बराबर |
| ३. | विद्यालय लेखा सहायक, बालविकास सहजकर्ता, सामुदायिक अध्ययन केन्द्र परिचालक र विद्यालय सहयोगी | २ दिन बराबर |

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकामा वर्षाको कारण क्षति भई बिग्रिएका मूल सडकहरूको तत्काल मर्मत तथा सञ्चालनका लागि प्राविधिक स्टिमेट बमोजिम आवश्यक पर्ने रकम आकस्मिक कोषबाट व्यहोर्ने निर्णय सर्वसहमतबाट गरियो।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको ११ वटै वडाभित्रका सडकहरू वर्षाको कारण अवरुद्ध भएका एवं सानातिना पहिरोका कारण जम्मा भएका माटो, ढुंगा तथा अन्य अवरोधहरू आवश्यक सरसफाइ आउँदो वडादशैं अगावै सम्पन्न गर्नु पर्ने भएकाले यथाशीघ्र वडा समितिको निर्णय गरी कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसहमतबाट गरियो।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाका सेवाग्राही तथा करदाताहरूलाई गाउँपालिकाबाट नै स्थायी लेखा नम्बर (PAN) जारी गर्ने व्यवस्था मिलाउन आयकर ऐन, २०५८ को दफा ७७ तथा दफा ७८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ अन्तर्गतको स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सम्बन्धी अधिकार तथा प्रचलित अन्य कानून बमोजिम आन्तरिक राजस्व कार्यालय वर्दिबाससँग आवश्यक सम्झौता गर्ने निर्णय सर्वसहमतबाट गरियो।

निर्णय नं.६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि यस गाउँपालिकाको कार्यपालिका भवन पश्चिमतर्फ कम्पाउन्ड बाहिर रहेको खालि जग्गामा बाल उद्यान निर्माणका लागि मिति २०८३/०५/०५ गते रिलिफ नेपाल र यस कार्यालय बीच भएको सम्झौता अनुमोदन गर्ने निर्णय सर्वसहमतबाट गरियो।

निर्णय नं.७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा देहाय बमोजिम कार्यविधि पारित गर्ने निर्णय सर्वसहमतबाट गरियो।

देहायः

"बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३"

निर्णय नं.८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०८३/०४/२९ गते शुक्रबार बिहान ८:०० बजे बसेको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय सर्वसहमतबाट गरियो।

निर्णय नं.९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८३/०८४ मा आन्तरिक राजश्व श्रोतका लागि तीनपाटन गाउँपालिका भएर बग्ने जीर्गा, चदाहा, लङ्गुरखोला, हाडिखोला, भालुखोला, कन्याखोला र वाक्सुखोलाको बगर क्षेत्रबाट दिगो र वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा ठेक्का आह्वानका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE)- २०८२ लाई ढुङ्गा, गिट्टी बालुवा उत्खनन् तथा सङ्कलन मापदण्ड, २०७७ को दफा ४ (ग) बमोजिम उत्खनन् तथा सङ्कलन परिमाण ठेक्का लगाउनु पूर्व अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा सो IEE प्रतिवेदन अद्यावधिक गर्ने र सोको लागि आवश्यक बजेट प्रवन्ध गर्ने निर्णय सर्वसहमतबाट गरियो।

निर्णय नं.१०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकाको जनस्वास्थ्य शाखा मार्फत सञ्चालन हुने नियमित खोप कार्यक्रम २०८३ असोज देखि २०८४ असार सम्म सार्वजनिक बिदाको दिनमा गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा सञ्चालन हुने खोप कार्यक्रमको लागि प्रत्यक्ष सहभागि हुने स्वास्थ्यकर्मीहरूलाई प्रति स्वास्थ्यकर्मी प्रति दिन रु.५०० को दरले बढीमा तीन जनालाई यातायात खर्च स्वास्थ्य शाखाबाट प्रमाणित भई आएमा स्वास्थ्य शाखाकै बजेटबाट भुक्तानी दिने निर्णय सर्वसहमतबाट गरियो।

निर्णय नं.११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाका देहाय बमोजिम स्थानहरूमा नेपाल विद्युत् प्राधिकरण, सिन्धुली वितरण केन्द्रसँग समन्वय गरी सडक बत्ती जडान गर्ने निर्णय सर्वसहमतबाट गरियो।

मिति २०८३/०५/१८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

देहायः

वडा नं. १- बेलघारी र नक्कले, लङ्गुरदोभान

वडा नं. २- क्याम्पस चोक, वडा कार्यालय, भाडागाउँ, भीमस्थान, साखामाडी बजार चोक

वडा नं. ३- बोक्से जाने चोक, जोगे

वडा नं. ४- मंगले बजार, वडा कार्यालय, मा.वि. सान्धाने

वडा नं. ५- मझुवा, जरायोटार, पचरंग, लंगुरखोला पुलचोक झोले सेल्फी डाडा

वडा नं. ६- गडाम्रे, भलायोडाडा, अर्मले, विजयपुर, वेल भञ्ज्याङ्ग

वडा नं. ७- वडा कार्यालय, हिरायुम्की मा.वि.

वडा नं. ८- बाहुन तिल्पुङ बजार, उत्तरायणी पुलचोक, खोरभञ्ज्याङ

वडा नं. ९- आम्बोटे विद्यालय तथा अस्पताल क्षेत्र र बोहरी फाँट

वडा नं. १०- वडा कार्यालय, मा.वि. वाडरिङ, भालुखोला दोभान

वडा नं. ११- चकमके बजार, हाडि खोला दोभान, लाम्पनटार मा.वि., स्याङ्ती

निर्णय नं.१२

प्रस्ताव नं. १२ विविध प्रस्ताव माथि छलफल गर्दा देहाय बमोजिम निर्णयहरू सर्वसहमतबाट पारित गरियोः

(क) यस गाउँपालिकाको वडा नं ११ कार्यालय भवनको झ्यालढोका र रेलीङको काम पुरा गर्नका लागि आ.व. २०८३/८४ को वार्षिक नीत, कार्यक्रम तथा बजेटको "निर्मित सार्वजनिक सम्पत्तीको संरक्षण र प्रवर्द्धन" बजेट शीर्षकबाट खर्च हुने गरी लागत अनुमान तयार गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

(ख) यस गाउँपालिकाको वडा नं ४ कार्यालय भवनको झ्यालढोका र रेलीङको काम पुरा गर्नका लागि आकस्मिक कोषबाट खर्च हुने गरी लागत अनुमान तयार गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

(ग) यस गाउँ कार्यपालिकाको मिति २०८३ साउन २७ गतेको निर्णय अनुसार श्री कृष्ण प्रा.वि. जुकेमा कार्यरत प्रा.वि. तृतीय श्रेणीका स्थायी श्री राकेश कुमार यादवलाई श्री कमला मा.वि. छरछरेमा दरबन्दी सहित कामकाजमा सरुवा गरिएकोमा निज शिक्षक कार्यरत रहेको विद्यालय श्री कृष्ण प्रा.वि. जुके मा यथावत् राख्ने र सोहि मितिमा श्री जयपुष्प प्रा.वि. पैहेमा रिक्त रहेको प्रा.वि. स्वीकृत दरबन्दी श्री कृष्ण प्रा.वि. जुकेमा पठाउने निर्णय भएकोमा सो दरबन्दी श्री कालिका मा.वि. छरछरेमा पठाउने निर्णय गरियो।

(घ) यस गाउँपालिका वडा नं ७ बस्ने थली माया वि.क.ले यसै गाउँपालिकाको विभन्न भू-भाग समेटेर गीत मार्फत तीनपाटन गाउँपालिकालाई चिनाउने गरी अडियो-भिडियो प्रकाशन गर्नका लागि आर्थिक सहयोगको इच्छा देखाएपछि वडा नं ७ बाट सिफारिस आएको हुनाले रु ५०,००० को आर्थिक सहयोग गर्ने निर्णय गरियो।

(ङ) यस गाउँपालिकाको वडा नं ५ को सम्पर्क वडा कार्यालय भाडामा सञ्चालन भएको हुँदा हाल प्रावि लङ्गुर शहरी विद्यालयको विद्यार्थी संख्या कम भई तह मिलान समेत भएकोले विद्यालयको सोहि भवनमा सेवा सञ्चालन गर्ने निर्णय सर्वसहमतबाट गरियो।

*आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो। उ*